# COVID-19 मा प्रतिकार्य स्वरूप सिटी अफ पिट्सबर्ग आपतकालीन कार्य सञ्चालन लेभल 2 मा पुगेको छ

पिट्सबर्ग, PA (मार्च 18, 2020) सिटी अफ पिट्सबर्गले COVID-19 को महामारीको फैलावको प्रतिकार्य स्वरूप सिटीको मुख्य सेवाहरूलाई कायम राख्दै सिटीका कर्मचारीहरू तथा बासिन्दाहरू बीचको आमने-सामने सम्पर्कहरूलाई थप सीमित गर्न आवश्यक कदमहरू चाल्दैछ।

घरबाट काम गर्न सक्ने सिटीका कर्मचारीहरूले महामारीको समयसम्म त्यसरी नै काम गर्न जारी राख्नेछन् र अरू कर्मचारीहरू आपतकालीन कार्यहरूका लागि अन-कलमा रहनेछन्।

पब्लिक वर्क्स, मोबिलिटी एण्ड इन्फ्रास्ट्रकचर र पर्मिट्स, लाइसेन्सेस एण्ड इन्सपेक्सन्सका विभागहरूमा आपतकालीन स्थितिहरूमा प्रतिकार्यका कामहरू गर्नका लागि एकदमै सीमित सङ्ख्यामा मात्र कर्मचारीहरू रहनेछन्। पार्किङको कानुन कार्यान्वयनलाई स्थगित गरिएको छ र सिटीका अन्य विभागहरूले आकस्मिक मामिलाहरूमा मात्र प्रतिकार्यका कामहरू गर्नेछन्।

प्रहरी, अग्नि विभाग, आकस्मिक मेडिकल सेवाहरू तथा एनिमल केयर एण्ड कन्ट्रोलद्वारा गरिने सार्वजनिक सुरक्षा प्रतिकार्यका कामहरू पहिले नै घोषणा गरिए अनुसार जारी रहनेछन्।

"सिटी अफ पिट्सबर्ग हाम्रो कर्मचारीहरूलाई सुरक्षित राख्नका लागि सम्भव भएसम्म प्रत्यक्ष सम्पर्कहरूलाई सीमित पार्दै यो प्रकोपको समयभरि आफ्ना बासिन्दाहरूलाई पूर्ण रूपमा सेवा दिन प्रतिबद्ध रहेको छ," मेयर विलियम पेडुटोले भन्नुभयो।

आजका घोषणाहरूले सिटीको सोमबार जारी गरिएको COVID-19 सम्बन्धी आपतकालीन आदेशहरूको पहिलो सेटलाई विस्तार गरेको छ।

**अफिस अफ म्यानेजमेन्ट एण्ड बजेट, पिट्सबर्ग सिटी काउन्सिल, सिटी कन्ट्रोलरले** सबै विधायन तथा करारहरूमा हस्ताक्षर गर्न र तिनीहरूको प्रक्रियालाई अगाडि बढाउन जारी राख्नेछ। COVID-19 को प्रतिकार्यको समन्वय गर्नका लागि सबै सङ्घीय, राज्य तथा स्थानीय एजेन्सीहरूसँगका सञ्चारहरू जारी रहनेछन् र बासिन्दाहरूलाई महामारीसम्बन्धी सबै घोषणा तथा कामहरूका बारेमा सूचित गर्नका लागि पहुँचलाई बनाइराखिनेछ।

**पिट्सबर्ग पार्किङ अथोरिटीले** पार्किङसम्बन्धी कानुन कार्यान्वयन गराउने कार्यलाई स्थगित गर्दैछ र ग्यारेजहरूमा हातबाट गरिने नगद कारोबारहरूलाई अन्त्य गर्दैछ। सुरक्षा बनाइराख्नका लागि पार्किङ ग्यारेजका परिचारक तथा सुरक्षाकर्मीहरू रहिरहनेछन्।

**डिपार्टमेन्ट अफ पर्मिट्स, लाइसेन्सेस एण्ड इन्सपेक्सन्स (PLI) ले** निर्माण (कन्स्ट्रक्सन) स्थलका निरीक्षण गर्ने र जीवन सुरक्षा साइटेसनहरू जारी गर्ने कार्यहरूलाई निरन्तरता दिनुका साथसाथै भवनसम्बन्धी सबै आपतकालीन स्थितिहरूमा 24/7 प्रतिकार्य उपलब्ध गराउनेछ। PLI ले नियमित भवन मेन्टेनेन्स निरीक्षणहरू, सबै सूचना तथा साइटेसनहरूको प्रक्रिया अगाडि बढाउने कार्यहरू, केशियरसम्बन्धी कार्यहरू र बोर्ड अफ अपिल्सका सुनुवाइहरूलाई रद्द गर्दैछ।

**डिपार्टमेन्ट अफ सिटी प्लानिङले** योजनाहरूको समीक्षा गर्ने कार्यहरूलाई रिमोटली (टाढा रहेर) गरिरहनेछ तर टेलिकन्फरेन्सहरूबाट गर्न नसकिने सबै बोर्ड तथा कमिसन सुनुवाइहरूलाई रद्द गर्दैछ। भोलिको जोनिङ बोर्ड अफ एड्जस्टमेन्ट सुनुवाइ पहिले तय गरिए अनुसार नै आयोजना गरिनेछ तर उपस्थित सहभागीहरूलाई सुरक्षित राख्नका लागि त्यसमा केही रोकहरू लगाइनेछ।

**डिपार्टमेन्ट अफ पब्लिक वर्क्सले** सडक छेउ राखिएका फोहोरमैला तथा रिसाइक्लिङ गर्न फ्याँकिएका वस्तुहरूलाई उठाउने र नेबरहुड बिजनेस डिस्ट्रिक्ट तथा पार्कहरूले नउठाएका कन्टेनरहरूलाई खाली गर्ने कार्यहरूलाई जारी राख्नेछ। मौसमी आकस्मिकताहरूमा प्रतिकार्य तथा वनजङ्गलसम्बन्धी आवश्यक कामहरूलाई आवश्यकताका आधारमा गरिनेछ र पब्लिक वर्क्स डिभिजनहरूमा एकदमै सीमित सङ्ख्यामा मात्र कर्मचारीहरू रहनेछन्। इस्ट इन्ड, हेजलवुड तथा वेस्ट इन्ड डिभिजनहरूमा ड्रप-अफ साइटहरूका साथै नर्थ प्वाइन्ट ब्रिजमा भएका कन्स्ट्रक्सन जन्क्सनमा रिसाइक्लिङ ड्रप-अफहरूलाई बन्द गरिएको छ। (रिसाइक्लिङ ड्रप-अफहरू स्ट्रिप डिस्ट्रिक्ट र बेल्ट्जहुभर/नोक्सभिलमा अझैं उपलब्ध छन्।)

**डिपार्टमेन्ट अफ मोबिलिटी एण्ड इन्फ्रास्ट्रक्चर (DOMI) का** कर्मचारीहरूले आवश्यक पर्ने स्ट्रिट चिन्ह फेर्ने तथा ट्राफिक नियन्त्रणसम्बन्धी मर्मतसम्भारका कार्यहरू मात्र गर्नेछन् र ट्राफिकसम्बन्धी कार्य स्थानहरूको जीवन-सुरक्षा निरीक्षणहरूलाई जारी राख्नेछन्। यसले स्ट्रिट लाइनलाई रङ लगाउने वा चिन्हको सामान्य मर्मतसम्भारको काम गर्ने छैन।

DOMI तथा DPW द्वारा स्वीकृत कार्यस्थलहरूले आफूले निम्न व्यवस्थाहरू मिलाउनेछन् भनेर लिखित आश्वासनहरू दिएमा सिफारिसपछि आफ्नो कामहरूलाई जारी राख्न सक्नेछन्:

- सबै कर्मचारीहरू बीच कम्तीमा पनि 6 फिटको दुरी बनाइराख्नका लागि काम गर्ने अभ्यास तथा कामदारहरूको काम गर्ने ठाउँलाई परिमार्जन गर्नेछन
- सबै कामहरू बाहिर खुला ठाउँमा गरिनेछ भनेर सुनिश्चित गर्नेछन्
- कामदारहरूसँग काम गर्दा लगाउने पन्जाहरू छन् र उनीहरूले पन्जा वा फेस गार्डहरूलाई साझा गर्ने छैनन् भनेर सुनिश्चित गर्नेछन्
- कार्यस्थलहरूमा (पोर्टाजोन (सार्न मिल्ने शौचालय) हरूका अतिरिक्त) हात धुने स्थानहरू उपलब्ध गराउनेछन्
- कार्यस्थलहरूमा ह्यान्ड स्यानिटाइजरहरू उपलब्ध गराउनेछन्
- स्टियरिङ व्हिल, हाते औजारहरू र अन्य साझा गरिने उपकरणहरू जस्ता साझा गरिने सतहहरूलाई नियमित रूपमा जीवाणुरहित गर्नेछन्

**डिपार्टमेन्ट अफ फाइनान्सले** पेरोल (तलब), राजस्व तथा नगदको प्रवाहको व्यवस्था मिलाउन र बैंक ट्रान्सफरहरूसम्बन्धी कार्यहरूको व्यवस्थापनलाई जारी राखिरहेको छ।

**डिपार्टमेन्ट अफ ह्युमन रिसोर्सेज एण्ड सिभिल सर्भिसले** निरन्तर रूपमा पेरोलसम्बन्धी मामिलाहरूलाई हेरिरहेको छ, नयाँ कर्मचारीहरूको कागजी प्रक्रियाहरूलाई अगाडि बढाइरहेको छ र नियुक्त गरिरहेका स्वास्थ्यकर्मी तथा आकस्मिक मेडिकल प्राविधिकहरूको व्यवस्थापन मिलाइरहेको छ।

**डिपार्टमेन्ट अफ पार्क्स एण्ड रिक्रियसनहरूले**सिनियर (जेष्ठ नागरिक) तथा रिक्रियसन (मनोरञ्जन) केन्द्रहरूलाई बन्द गरेको छ तर छनौट गरिएका केही सेन्टरहरूलाई घर लिएर जाने खाद्यान्न वितरण स्थलहरूको रूपमा काम गर्नका लागि चाडै सीमित समय खोल्ने बारेमा योजना बनाइरहेको छ।

**ल डिपार्टमेन्टले** राइट टु नो (थाहा पाउनुपर्ने अधिकार) सम्बन्धी अधिकारहरूको प्रक्रियालाई अगाडि बढाइरहेको छ र सबै विभागहरूलाई COVID-19 मामिलाहरूमा कानुनी सहयोग उपलब्ध गराइरहेको छ।

**डिपार्टमेन्ट अफ इन्नोभेशन एण्ड पर्फर्मेन्सले** निरन्तर रूपमा प्राविधिक मर्मतसम्भारहरू आवश्यक परेका सिटीका सेवास्थलहरूलाई सार्वजनिक सुरक्षासम्बन्धी आवश्यकताहरूका लागि नेटवर्कको व्यवस्थापन, 24/7 कल-आउट सेवा उपलब्ध गराइरहेको छ र घरबाट काम गर्न सक्षम हुनका लागि आवश्यकतामा रहेका कर्मचारीहरूलाई महत्त्वपूर्ण हार्डवेयर वितरण गरिरहेको छ।